**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 1840 Hrs** **DATED: 07.02.2026**

यो आकाशवाणी गान्तोक हो ।

समाचार तुलसा शर्माबाट सुन्नुहोस्।

1. केन्द्रीय सडक, यातायात, राजमार्ग तथा कार्पोरेट मामिला राज्यमन्त्री हर्ष मल्होत्रा आज एक दिने भ्रमणको क्रममा सिक्किमको राजधानी गान्तोक आइपुग्नुभएको छ।गान्तोक आगमनमा उहाँलाई सिक्किम सरकारको गृह विभागकी अतिरिक्त सचिव मिङ्गमा डिकी शेर्पाले पुष्पगुच्छासहित स्वागत जनाउनुभयो। यस अवसरमा राष्ट्रिय राजमार्ग र पूर्वाधार विकास निगम लिमिटेड NHIDCL का वरिष्ठ अधिकारीहरूका साथै विभिन्न सरकारी विभागका उच्चाधिकारीहरूको विशेष उपस्थिति रहेको थियो , यस भ्रमणको मुख्य उद्देश्य सिक्किममा सञ्चालित राष्ट्रिय राजमार्ग परियोजनाहरूको वर्तमान अवस्थाको समीक्षा गर्नु रहेको छ । उहाँले सडक निर्माणका कार्यहरूलाई अझ प्रभावकारी र द्रुत गतिमा अघि बढाउने विषयमा आवश्यक दिशा-निर्देश दिनुहुनुभयो।

2. लोकसभा सांसद इन्द्र हाङ सुब्बाले हिजो वस्त्र मन्त्रालयका केन्द्रीय राज्यमन्त्री **पबित्रा मार्गरिटा- सँग** उहाँको निवासमा भेट गरी सिक्किममा राष्ट्रिय फेसन प्रविधि संस्थान NIFT स्थापना गर्ने माग गर्दै औपचारिक ज्ञापनपत्र पेश गर्नुभयो । भेटका क्रममा सांसद सुब्बाले कला, डिजाइन तथा आदिवासी हस्तकरघा परम्परामा सिक्किमको समृद्ध सांस्कृतिक सम्पदालाई विशेष रूपमा उजागर गर्नुभयो। उहाँले सिक्किमको सानो भौगोलिक क्षेत्रफल र संवेदनशील पारिस्थितिक अवस्थाका कारण यहाँ भारी उद्योग स्थापना उपयुक्त नहुने उल्लेख गर्दै फेसन, वस्त्र तथा डिजाइनजस्ता क्षेत्रहरू वातावरण मैत्री, दिगो र रोजगारमुखी भएको धारणा व्यक्त गर्नुभयो। सिक्किममा NIFT स्थापना भएमा स्थानीय युवाहरूका लागि सीप विकास, रोजगारीका अवसर विस्तार तथा राज्यको सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुग्ने उहाँको भनाइ रहेको छ।

3. सैतिस औँ राष्ट्रिय सडक सुरक्षा महिना दुई हजार छब्बिसको अवसरमा यातायात विभागको मोटर वाहन शाखाले पर्यटन तथा नागरिक उड्डयन विभागसँगको सहकार्यमा आज सडक सुरक्षा सचेतना रेलीको आयोजना गरेको छ। उक्त रेलीलाई अतिरिक्त यातायात आयुक्त रोशन प्रधानले रानीपुल स्थित स्यारी जङ्क्सन नजिकबाट औपचारिक रूपमा शुभारम्भ गर्नुभएको थियो । रेलीपछि रानीपुलस्थित केन्द्रीय कृषि विश्वविद्यालय (CAEPHT) मा 'सडक सुरक्षा, जीवन रक्षा' भन्ने मूल नाराका साथ

एउटा कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा गान्तोकका उप-जिल्ला अधिकारी (Sub Divisional Magistrate) श्री महेन्द्र छेत्री प्रमुख अतिथिको रूपमा उपस्थित रहनुभएको थियो।

कार्यक्रमको उद्देश्य सडक सुरक्षाप्रति आम नागरिकमा जनचेतना अभिवृद्धि गर्दै सुरक्षित यातायात संस्कृतिको प्रवर्द्धन गर्नु रहेको आयोजकहरूले जानकारी दिएका छन् ।

**4.** सिक्किमको एकमात्र अल्ट्रा-दूरी दौड प्रतियोगिता छाङ्गु Ultra 5 पोएन्ट ओ-को पाँचौँ संस्करण आठ मार्च देखि सुरु हुने भएको छ। बर्ष दुई हजार बाइस देखि आयोजना हुँदै आएको यस वार्षिक प्रतियोगिता गान्तोक स्थित संस्था सेरेनिटी होम र कुदुम-को संयुक्त आयोजनामा सञ्चालन हुँदै आएको हो। उच्च हिमाली क्षेत्रमा आयोजना हुने यस ट्रेल रन गन्तव्य गणेश टोकबाट सुरु भई पहाडी सडक हुँदै छाङ्गु तालसम्म पुगेर पुनः प्रारम्भिक बिन्दुमा फर्किने मार्ग समेटिएको छ। प्रतियोगितामा पचहत्तर किलोमिटर अल्ट्रा रन, बयालिस किलोमिटर पूर्ण म्याराथन, एकाइस किलोमिटर हाफ म्याराथन तथा दस किलोमिटर दौड गरी चार विधा समावेश गरिएको छ। यस प्रतियोगितामा कुल दस लाख रुपियाँ बराबरको पुरस्कार राशि राखिएको आयोजकहरूले जानकारी दिएका छन्।

5. राज्य ग्रामीण जीविकोपार्जन मिशन (SRLM) ले वित्तीय समावेशन पहलअन्तर्गत एक महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। "१ ग्राम पञ्चायत १ बी.सी अर्थात् ब्याङ्किङ करेस्पोन्डेन्ट सखी" कार्यक्रम अन्तर्गत चौबिस जना प्रशिक्षार्थीहरूले ग्रामीण स्वरोजगार प्रशिक्षण संस्थान (RSETI) बाट सफलतापूर्वक प्रशिक्षण पूरा गरेका छन्। यस कार्यक्रमको उद्देश्य ग्राम पञ्चायत स्तरमा ब्याङ्किङ सेवाहरू उपलब्ध गराई अन्तिम माइलसम्म वित्तीय सेवाको पहुँच सुदृढ गर्नु हो। प्रशिक्षण पूरा गरेपछि सबै चौबिस जना सहभागीहरूले भारतीय बैंकिङ तथा वित्त संस्थान IIBF द्वारा आयोजित प्रमाणिकरण परीक्षा सफलतापूर्वक उत्तीर्ण गरेका छन्, जसलाई ब्याङ्किङ दक्षताको एक मान्य मापदण्ड मानिन्छ।

6. पशुपालन तथा पशु चिकित्सा सेवा विभागले कृषि विभागसँगको सहकार्यमा आज रंगेली अन्तर्गत पर्ने पाचे र मेलातार क्षेत्रमा राष्ट्रिय कृषि विकास योजना अन्तर्गत सञ्चालन भइरहेको वर्षा-आश्रित क्षेत्र विकास कार्यक्रम दुई हजार चौबिस –पचिसको दोस्रो चरण अन्तर्गत भेडा वितरण कार्यक्रम सम्पन्न गरेको छ। यस कार्यक्रमको उद्देश्य वर्षा-आश्रित क्षेत्रमा जीविकोपार्जनको अवसरको विस्तार गर्नु, खाद्य सुरक्षा सुनिश्चित गर्नु तथा बाली असफल हुने जोखिम न्यूनीकरण गर्नु रहेको छ।